आज मिति २०७८।०२।३१ गते प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेलको अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठक बसी निम्नानुसार निर्णय गरियो-

**बिशेष आमन्त्रित**:

| | | |
|---|---|---|
| १. | प्रभाकर यादब | - जि.स.स. प्रमुख |

**उपस्थिति**

| | | |
|---|---|---|
| २. | प्र.जि.अ. श्री फणिन्द्र मणि पोखरेल | - अध्यक्ष |
| ३. | प्रमुख सेनानी श्री निरज भण्डारी | - सदस्य |
| ४. | प्रहरी उपरीक्षक श्री राजेन्द्र प्रसाद धमला | - सदस्य |
| ५. | सशस्त्र प्रहरी उपरीक्षक श्री राजु श्रेष्ठ | - सदस्य |
| ६. | उप. अनुसन्धान निर्देशक श्री नरेश बहादुर शाह | - सदस्य |
| ७. | नि.प्र.मे.सु. श्री रणजित कुमार झा | - सदस्य |
| ८. | जि.स.स.अधिकारी श्री उमेश कुमार यादब | - सदस्य |

**आमन्त्रित**:

| | | |
|---|---|---|
| १. | शम्भु प्रसाद यादब | - नगर प्रमुख, राजबिराज न.पा. |
| २. | बसन्त कुमार | -नगर प्रमुख, कंचनरुप न.पा |
| ३. | उत्तम कुमार गौतम | - नगर प्रमुख, सप्तकोशी न.पा. |
| ४. | शिव नारायण साह | -नगर प्रमुख, डाक्नेश्वरी न.पा. |
| ५. | सतिष कुमार सिंह | -अध्यक्ष, तिलाठी कोइलाडी गा.पा. |
| ६. | अरुण प्रधान | -अध्यक्ष, उद्योग बाणिज्य संघ, सप्तरी |
| ७. | स. प्र.जि.अ. श्री नाथु साह | -जिल्ला प्रशासन कार्यालय, सप्तरी। |
| ८. | नि.प्र. स्वा.कार्यालय श्री दुनियालाल यादब | -स्वास्थ्य कार्यालय, सप्तरी। |

**निर्णय नं. १**

मितिः २०७८/०१/२५ गते देखि निषेधाज्ञा को प्रभावले कोभिड-१९ को संक्रमणको अवस्था क्रमशः घट्दो अवस्थामा रहेको, बजार दिनको ४:०० बजे देखी ७:०० बजे सम्म खद्यान्न तथा अत्यावश्यक सामग्रीका पसलहरु खोलिएकोमा अन्य पसल खोल्न माग गरिएको हुदाँ मिति २०७८/०३/०१ देखि लागु हुने गरी देहाय वमोजिम गर्ने निर्णय गरियो।

क) होटल रेष्टुरेण्ट, मदिरा पसल, जिम हल, सैलुन, ब्युटीपार्लर सिनेमा हल, स्कुल, कलेज, गुद्री हटिया, सभा सम्मेलन तथा मानिसको बढी जमघट हुने बाहेक बजार दिनको ४:०० देखी ७:०० बजे सम्म खुला गर्ने।

ख) उल्लेखित समयमा बजार पसल खोल्दा प्रत्येक पसल वालाले तथा ग्राहकले अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने तथा पालना नगर्ने पसलधनी तथा ग्राहक दुवैलाई कानून अनुसार कारवाही गर्ने।

ग) कोभिड-१९ को तेश्रो भेरिएन्टको संक्रमण हुन सक्ने अवस्थालाई दृष्टिगत गरी नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन अनुरुप कूल सीट क्षमताको निश्चित प्रतिशत सीट छुटयाई राख्न गजेन्द्र नारायण सिंह अस्पताल, छिन्नमस्ता अस्पताल र यूनिक अस्पताललाई अनुरोध गर्ने र स्थानिय तहले स्थापना गरेका आइसोलेशन केन्द्रलाई समेत चुस्त रुपमा राख्न सम्बन्धित स्थानिय तहलाई अनुरोध गर्ने।

**निर्णय नं. २**

कोभिड-१९ को संक्रमण नियन्त्रणमा जिल्लामा सबै पक्षबाट प्राप्त सहयोगको लागी सबैलाई धन्यवाद दिदै आगामी दिनमा समेत स्वास्थ्य प्रोटोकल पालना गरी कोभिड-१९ को संक्रमण नियन्त्रणमा सबै पक्षबाट सहयोगको अपेक्षा गरिएको छ।